नेपाल सरकार
गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या :
चलानी नं.:


सिंहदरबार, काठमाडौं
नेपाल ।

सतर्कताका लागि अनुरोध

नेपाल मौसम विज्ञान विभागद्वारा आज मिति २०८३ असोज ५ गते, सोमबार दिउसो जारी विशेष मौसमी बुलेटिनअनुसार आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन/ चट्याङ/ हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा एक-दुई स्थानमा अति भारी वर्षाको समेत सम्भावना छ।

त्यसैगरी, कोशी, मधेश, बागमती र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा पनि मेघगर्जन/चट्याङ/हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ। यस अवधिमा देशका अधिकांश स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्म वर्षाको सम्भावना छ।

विभागका अनुसार उत्तर अन्डमान सागर र आसपासको क्षेत्रमा विकसित न्यून चापीय क्षेत्र (Low Pressure area) हाल बङ्गालको खाडीको मध्य भू-भाग आसपासमा रहेको छ र उक्त प्रणाली थप शक्तिशाली बन्दै Deep Depression (बलियो न्यून चापीय क्षेत्र) भई पश्चिम-उत्तरपश्चिम दिशातिर सर्ने देखिन्छ र यसको प्रभावले बुधवार देखि नै कोशी, बागमती र गण्डकी प्रदेशका केही स्थानहरुमा मध्यम सम्मको वर्षाको सम्भावना समेत रहेको छ ।



भारीदेखि धेरै भारी वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव आउने तथा शहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम हुने भएकाले आवश्यक सतर्कता अपनाउन र पूर्वतयारीका लागि निम्न कार्य गर्न/गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ।

- उक्त अवधिमा अत्यन्त जरुरी नभई टाढा र रातिको समयमा यात्रा नगर्ने।
- सम्बन्धित संघीय मन्त्रालय तथा निकाय, प्रदेश सरकार, स्थानीय तह, तीनवटै सुरक्षा निकाय, स्वयंसेवकलगायत सरोकारवाला सबै निकायले आम सर्वसाधारणलाई सुसूचित गर्ने र प्रतिकार्यका लागि तयारी अवस्थामा रहने।
- जोखिम भएका राजमार्ग र सडकहरुमा डोजर, एक्साभेटर, लोडर लगायतका साधन तयारी अवस्थामा राख्ने।
- जिल्ला सुरक्षा समिति, स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवकले पूर्वसूचना/चेतावनी अनुसार जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति, घरपरिवारलाई विपद् प्रतिकार्य गर्नुपूर्व नै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने।
- आकस्मिक बाढी आउनसक्ने खोला, खहरेका नजिकका बस्ती, पहिरोको जोखिमयुक्त स्थान र खोला/नदी किनारका बस्तीका बासिन्दाहरु बढी चनाखो हुने।
- वर्षा र बाढीबारे जानकारी लिन ११५५ मा सम्पर्क गर्ने। साथै, विपद्मा मद्दत माग्न १२३४, नेपाल प्रहरीको हटलाइन १०० र सशस्त्र प्रहरी बल, नेपालको हटलाइन नम्बर १११४ मा सम्पर्क गर्ने।
- नेपाल मौसम विज्ञान विभाग र प्राधिकरणबाट जारी हुने अद्यावधिक पूर्वानुमान/पूर्वसूचना/चेतावनी सम्बन्धी जानकारी लिइरहनु हुन अनुरोध छ।

मिति- २०८३ असोज ५ गते, सोमबार

०६।१०५
(शान्ति महत)
उपसचिव/प्रवक्ता

फोन: ०१-४२१११९७, ४२११९५, ४२११४८३, टोल फ्रि: ११४९, इमेल : ndrrma@gmail.com, info@bipad.gov.np, URL:www.bipad.gov.np